नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, साउन १ गते, २०७५ साल (संख्या १५

भाग ३

नेपाल सरकार

गृह मन्त्रालयको सूचना

नेपाल सरकारले कारागार नियमावली, २०२० को नियम ६५ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची-३ को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखी हेरफेर गरेको छ :-

"(क) थुनवा वा कैदीलाई मोटो चामल ७०० ग्राम र साठी रुपैयाँ तथा चाडपर्व खर्च वापत प्रत्येक वर्ष एकमुष्ट तीनसय रुपैयाँ ।

(ख) नाबालकलाई :

(१) सात महिनादेखि एक वर्षसम्मको लागि चामल १०० ग्राम र पैँतीस रुपैयाँ,

(२) एक वर्षदेखि माथी तीन वर्षसम्मको लागि चामल १५० ग्राम र पैँतीस रुपैयाँ,

(३) तीन वर्षदेखि माथी पाँच वर्षसम्मको लागि चामल २०० ग्राम र पैँतीस रुपैयाँ,

(४) पाँच वर्षदेखि माथी सात वर्षसम्मको लागि चामल २५० ग्राम र पैँतीस रुपैयाँ,

(५) सात वर्षदेखि माथी बाह्र वर्षसम्मको लागि चामल ४५० ग्राम र पैँतीस रुपैयाँ,

(६) बाह्र वर्षदेखि माथीको लागि चामल ६०० ग्राम र पैँतीस रुपैयाँ ।"

आज्ञाले,
प्रेम कुमार राई
नेपाल सरकारको सचिव